# कोभिड-१९ महामारीको सन्दर्भमा शिशु तथा बाल्यकालीन पोषणसम्बन्धी संयुक्त अपिल

४ जेष्ठ २०७८

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ महामारी नेपालमा पनि तिव्र गतिमा फैलिरहेको छ । संक्रमण रोकथामको लागि जारी गरिएको निषेधाज्ञाका कारण आम जनजीवन प्रभावित भइरहेको छ । कोभिड-१९ महामारीको सन्दर्भमा लागु गरिएको निषेधाज्ञा अवधिमा आमाहरु, स्याहारकर्ता र समुदायको लागि सहि सूचना र खाद्य वस्तुको अभाव तथा स्वास्थ्य संस्थाको पहुँचमा कमी हुन सक्छ । तसर्थ यो समयमा उनीहरुलाई शिशु तथा बालबालिकाको खानपानसम्बन्धी उपयूक्त सूचना, शिक्षा र सहयोगको आवश्यक पर्दछ । यदि आमा वा बच्चामा कोभिड-१९ संक्रमणको शंका वा पुष्टि भएमा आमाले बच्चालाई स्तनपान नगराउने सम्भावना हुन सक्छ । कोभिड-१९ महामारी र यसले पार्ने असर भन्दा स्तनपान नगराउँदा बालबालिकाहरुमा स्वास्थ्यसम्बन्धी जोखिम अझ बढि हुन्छ । कुनै पनि आपतकालिन अवस्थामा समेत आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरु (बच्चालाई खुवाउन अनुकुल हुने गरी तयार पारिएको बट्टा/प्याकेटको दुध, अन्य खाद्य वा पेय पदार्थ) निःशुल्क वितरण गर्ने, अनुदान दिने वा कुनै पनि माध्यमबाट प्रवर्द्धन/विज्ञापन गर्ने जोखिम बढी हुन्छ । यस्ता क्रियाकलापहरुले स्तनपानलाई निरुत्साहित गर्ने हुनाले बालबालिकाहरुमा रोगको संक्रमण, कुपोषण र मृत्युको जोखिम बढि हुन सक्छ ।

तसर्थ यीनै तथ्यहरुलाई मध्यनजर गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा र शिशु तथा बाल्यकालीन पोषण क्षेत्रमा कार्यरत राष्ट्र संघीय निकाय/गैरसरकारी संस्थाहरुद्वारा कोभिड-१९ को महामारीको सन्दर्भमा नेपाल सरकारद्वारा जारी गरिएका निर्देशिकाहरुको अवलम्वन गर्दै बहुक्षेत्रीय समन्वय तथा सहकार्यमार्फत आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरुको बिक्रि, वितरण तथा अवाञ्छित अनुदानलाई निरुत्साहित गर्दै शिशु तथा बाल्यकालीन पोषणको प्रवर्द्धन, संरक्षण र सहयोगका लागि सम्पूर्ण सरोकारवालाहरुलाई देहाएका कार्यहरु गर्न/गराउन अपिल गर्दछौं ।

- कोभिड-१९ महामारीको सन्दर्भमा मातृ, शिशु तथा बाल्यकालीन पोषणसम्बन्धी स्वास्थ्यकर्मीहरुको लागि जारी गरिएको अन्तरिम निर्देशिका, २०७७ लगायतका निर्देशिकाहरु सबै स्वास्थ्यकर्मी र सरोकारवालाले अनिवार्य परिपालन गर्नु पर्नेछ ।

- स्तनपान गराउँदा शिशु तथा बालबालिकाहरुको रोगसँग लड्ने प्रतिरोधात्मक क्षमताको विकास हुनुका साथै अन्य धेरै फाइदाहरु हुन्छन । आमाको दुधबाट कोरोना भाइरस शिशुलाई सरेको अहिलेसम्म प्रमाणित भएको छैन । कोभिड १९ को संक्रमण हुनुभन्दा स्तनपान नगराउदा शिशुलाई हुन सक्ने जोखिम बढि हुन्छ । तसर्थ आमा संक्रमित भएता पनि संक्रमणबाट बच्न व्यक्तिगत सुरक्षाको उपायहरु (मास्क लगाउने, साबुन पानीले हात धुने) अपनाएर स्तनपानलाई निरन्तरता दिनु पर्नेछ ।

- शिशुलाई कोभिड-१९ संक्रमण भएको छ र आमालाई कोभिड-१९ संक्रमण भएको छैन भने पनि उपयुक्त स्वास्थ्य मापदण्ड अपनाएर स्तनपानलाई निरन्तरता दिनु पर्नेछ ।

- आमाको स्वास्थ्य अवस्था जटिल छ र स्वास्थ्य समस्याहरु देखिएका छन् भने शिशुसँगको प्रत्यक्ष सम्पर्कबाट टाढा राख्ने, शिशुलाई स्तनपान नगराउने तर दूध निचोरेर सफा भाडामा राखि आवश्यक सरसफाई कायम गरी चम्चाबाट खुवाउनका लागि प्रोत्साहित गर्नु पर्नेछ ।

- कोभिड-१९ संक्रमण शंका गरिएको वा पुष्टि भएको गर्भवती महिला प्रसुति भएमा तत्कालीन रुपमा आमा र शिशुलाई अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्नुका साथै संक्रमण रोकथाम र नियन्त्रणका उपायहरु अपनाएर शिशु

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

जन्मेको एक घन्टाभित्रै आमाको बिगौती दुध खुवाउन र पूर्ण स्तनपान गराउनको लागि प्रोत्साहन तथा सहयोग गर्नु पर्नेछ ।

➢ आमा र बच्चा छुट्टिन तथा स्तनपानमा अवरोध हुन सक्ने सम्भावनालाई रोक्न स्तनपान गराउने आमाहरुलाई कोभिड-१९ को संक्रमणबाट बच्ने उपयुक्त सूचना तथा सहयोग प्रदान गर्नु पर्नेछ ।

➢ शिशु जन्मेको ६ महिना पुरा भएपश्चात उमेर अनुसार विभिन्न प्रकारका स्वच्छ तथा पोषणयुक्त पुरक खाना पर्याप्त मात्रामा खुवाउन आमा र परिवारका सदस्यहरुलाई प्रभावकारी परामर्श दिनु पर्नेछ ।

➢ खाद्य वा अन्य कुनै राहत वितरण गर्दा गर्भवती महिला, सुत्केरी महिला तथा ५ वर्षमुनीका बालबालिका भएको परिवारलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

➢ आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरु निःशुल्क वितरण गर्न, अनुदान दिन वा कुनै पनि माध्यमबाट प्रवर्द्धन/विज्ञापन गर्न आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१ ले प्रतिबन्ध गरेकोले सो कार्य भएको पाइएमा सोही ऐनबमोजिम कानुनी कारवाही गर्नु/गराउनु पर्नेछ ।

➢ गर्भवती महिला, स्तनपान गराइरहेकी आमा वा शिशुमा संक्रमण भएको पुष्टि भएमा आधारभूत मनोसामाजिक परामर्श तथा सहयोग प्रदान गर्नु पर्नेछ ।

➢ यदि आमाले कोभिड १९ विरुद्धको खोप लगाएको छ भने पनि स्तनपानलाई निरन्तरता दिइरहन प्रोत्साहित गर्नु पर्नेछ ।

शिशु तथा बाल्यकालीन पोषणसम्बन्धी थप जानकारी वा कुनै गुनासो भएमा तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरुको निःशुल्क वितरण, अनुदान दिइएको वा कुनै पनि माध्यमबाट प्रवर्द्धन/विज्ञापन गरेको पाइएमा स्वास्थ्य तथा जनसख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखामा तुरुन्त जानकारी दिन सकिनेछ ।
इमेल: fwdnutritionsection33@gmail.com, कार्यालयको सम्पर्क फोन नं.: ९७७-०१-४२६१७१२

डा. तारानाथ पोखेल
निर्देशक, परिवार कल्याण महाशाखा,
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

निर्देशक

Carrie Rasmussen — Digitally signed by Carrie Rasmussen Date: 2021.05.19 18:54:49 +05'45'

Christopher Landry — Digitally signed by Christopher Landry Date: 2021.05.20 10:44:10 +05'45'

| | | | | |
|---|---|---|---|---|
| डा. राजेश पाण्डव<br>विश्व स्वास्थ्य संगठन | इल्के विच<br>युनिसेफ | जेन पर्च<br>विश्व खाद्य कार्यक्रम | क्यारी रस्मुसन<br>युएसएआइडी | क्रिस्टोफर ल्यान्ड्री<br>सुआहारा दोस्रो कार्यक्रम |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
काठमाडौं